**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १६ मार्च २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मू भोलि राष्ट्रपति भवनमा हुने उद्यमशीलता महोत्सवमा भाग लिनुहुनेछ ।

- राष्ट्रपति द्रौपदी मुर्मू, प्रधानमन्त्री नरेन्द्र मोदी ले स्पेसएक्सको क्रू–९ मिसन पृथ्वीमा सुरक्षित रुपमा फर्किएकोमा नासाको सम्पूर्ण टोलीलाई बधाई दिनुभएको छ ।

- 13 वर्षपछि आठवटा आँगनवाडी केन्द्रहरु नक्सलबाड़ी आईसीडीएसबाट मिरिक आईसीडीएस केन्द्रमा स्थानान्तरण भएको आज जीटीए प्रमुख कार्यपाल अनित थापाले बताउनु भएको छ।

- दार्जीलिंगको पदमा जा नायडु ज्युलोजिकल पार्कमा भारत कै पहिलो फ्रोजन जु स्थापित गरिएको छ।

- राज्य सरकारले आफ्ना कर्मचारीहरुको लागि 'एड-हक' बोनसको घोषणा गरेको छ।

**राष्ट्रपति द्रौपदी मुर्मू – महोत्सव**

राष्ट्रपति द्रौपदी मुर्मू भोलि राष्ट्रपति भवनमा हुने उद्यमशीलता महोत्सवमा भाग लिनुहुनेछ । लघु, साना तथा मध्यम उद्यम मन्त्रालयले उक्त कार्यक्रमको आयोजना गरिरहेको छ । कार्यक्रम को समापान ३० मार्चमा हुनेछ। यस कार्यक्रमले देशको जीवन्त विरासतलाई नागरिकहरूको नजिक ल्याएर एम.एस.एम.ई.लाई सशक्त र प्रोत्साहित गर्ने लक्ष्य राखेको छ।

****** ० ******

**स्पेसएक्स क्रू-9 मिशन – राष्ट्रपति-प्रधानमन्त्री -रक्षा मंत्री बधाई**

राष्ट्रपति द्रौपदी मुर्मूले स्पेसएक्सको क्रू–९ मिसन पृथ्वीमा सुरक्षित रुपमा फर्किएकोमा नासाको सम्पूर्ण टोलीलाई बधाई दिनुभएको छ । राष्ट्रपति मुर्मूले भान्नुभएको छ - 'भारतकी छोरी सुनिता विलियम्स र उनका साथी अन्तरिक्ष यात्रीहरूले आफ्नो दृढता, समर्पण र कहिल्यै नमर्ने भावनाले सबैलाई प्रेरित गरेका छन् । उहाँले अन्तरिक्षयात्रीको ऐतिहासिक यात्रा दृढ संकल्प, टिम वर्क र असाधारण साहसको कथा भएको बताउनु भएको छ । राष्ट्रपति मुर्मुले अन्तरिक्ष यात्रीहरूको अटल सङ्कल्पको प्रशंसा गर्नुहुदै उनीहरूको सुस्वास्थ्यको कामना गर्नुभएको छ । यसरीनै प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पृथ्वीमा क्रू ९ मिसनको सुरक्षित पुनरागमन सुनिश्चित गर्न अथक प्रयासको प्रशंसा गर्नुहुदै बधाई दिनुभएको छ। रक्षामन्त्री राजनाथ सिंहले पनि भारतकी सुनिता विलियम्स र नासाका चालक दलका सदस्यलाई पृथ्वीमा सकुशल फर्किएकोमा बधाई दिनुहुदै 'भारतकी छोरी सुनिता विलियम्स र चालक दलका अन्य अन्तरिक्ष यात्रीले मानवीय सहनशीलता र लगनशीलताको इतिहास दोहोर्याएको बताउनु भएको छ ।

****** ० ******

**राज्यसभा सभापति जगदीप धनखड़**

राज्यसभाका सभापति जगदीप धनखड़ले सांसदहरूलाई निःशुल्क योजनामा विचार गर्न आग्रह गर्नुहुदै सरकारका सबै निवेशहरुलाई व्यवस्थित तरिकाले उपयोग गर्नुपर्ने कुरामा  जोड दिनुभएको छ । उहाँले देशको निर्वाचन प्रक्रिया चुनावी प्रलोभनमा परिणत भएको र निर्वाचनपछि बनेको नयाँ सरकारलाई असहज अवस्थामा पुर्याएको  बताउनु भएको छ  । उहाँले  सबै सरकारी निवेशहरुलाई व्यवस्थित रुपमा परिचालन गरी बृहत्तर हितमा उपयोग गर्न सकिने गरी राष्ट्रिय नीति बनाउनुपर्नेमा पनि जोड दिनुभएको छ  । राज्यसभाको शून्य समयमा श्री धनखड़ले यस्तो बताउनु भएको हो । उहाँले  विभिन्न राज्यका सांसदको बेतन  र पेन्सनमा एकरुपता ल्याउनुपर्ने आवश्यकता माथी  प्रकाश पर्नुभएको छ  ।

****** ० ******

## पश्चिम बंगाल -मुख्यमंत्री -अंतरिक्ष यात्री सुनीता विलियम्स

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले अन्तरिक्ष यात्री सुनिता विलियम्सलाई भारत रत्न दिन माग गर्नुभएको छ  । आज बिधान  सभामा उहाँले  सुनिता र उनका साथीहरुलाई साहसिक यात्राका लागि बधाई दिनुहुदै आफू पनि अन्तरिक्ष विज्ञानको अध्ययन गरिरहेको र सुनिताको यात्राबाट प्रेरित भएको बताउनु भयो  । साथै उहाँले सुनिता विलियम्सलाई भारत रत्नबाट सम्मानित गर्न केन्द्र सरकारसँग माग गर्नुभएको छ  ।यसरीनै मुख्यमन्त्री सुश्री ममता ब्यनर्जी ले कोलकाताको नबाब अलि पार्क खिदिरपुर मा दावत- ए -इफ्तार पार्टीमा सामेल हुनुभयो I रामजन महिना को अवसरमा आयोजित इफ्तार पार्टीमा उहाको  बिशेष उपस्थिति रहेको थियो I हिज कोलकाता महानगर द्वारा आयोजित इफ्तार पार्टीमा पनि उहाँ सामेल हुनुहुन्थ्यो I

****** ० ******

## पश्चिम बङ्गाल -मुख्यमन्त्री -इंग्ल्यान्ड-भ्रमण

पश्चिमबंगाल की मुख्यमन्त्री ममता ब्यनार्जी इंग्ल्यान्डको को भ्रमणमा पर्सी २१ मार्च को दिन प्रस्थान गर्नुहुनेछ Iटिएम्सी मिडिया सेल ले दिएको जानकारी अनुसार , लन्डन स्कुल अफ इकोनोमिक्स अनि माइल्ड एण्ड इन्स्टिच्युट क्विन मेरी युनिभर्सिटी को निमन्त्रणमा इंग्ल्यान्ड जानु हुदैछ Iभारतको गृह तथा विदेश मन्त्रालयले उहाको इंग्ल्यान्डको भ्रमणलाई स्वीकृति प्रदान गरेको छ I २७ मार्चको दिन लन्डनमा अक्सफोर्ड बिश्वबिद्यालय द्वारा आयोजित एउटा व्याख्यान समारोहलाई उहाँले सम्बोधन गर्नुहुनेछ Iबिजेपीको आईटि सेल प्रमुख अमिल माल्वियाले  ममता ब्यनार्जीले अक्सफोर्ड बिश्वबिद्यालयमा सम्बोधित गर्ने कुनै कार्यकम नरहेको तथा यस सित सम्बन्धित एउटा कलेजमा उहाँको कार्यक्रम नरहेको बताएको छ I उहाँले अक्सफोर्ड बिश्वबिद्यालयमा व्याख्यान दिने टिएमसी ले गलत प्रचार गरिरहेको आरोप लगाउनु भएको छ I

****** ० ******

## अनित थापा -आईसीडीएस- स्थानान्तरण

13 वर्षपछि आठवटा आँगनवाडी केन्द्रहरु नक्सलबाड़ी आईसीडीएसबाट मिरिक आईसीडीएस केन्द्रमा स्थानान्तरण भएको आज जीटीए प्रमुख कार्यपाल अनित थापाले बताउनु भएको छ उहाँले  आज एक प्रेस विज्ञप्ति जारी गर्दै भन्नुभएको छ -बर्ष  '2012 मा जीटीए स्थापनाको समय जीटीए अधीनस्थ तराई क्षेत्रको 8 वटा आँगनवाडी केन्द्रहरुको प्रशासनिक कार्य नक्सलबाड़ी आईसीडीएस केन्द्रमा पर्न गयो। यी आठवटा केन्द्रलाई जीटीए अधीनस्थ ल्याउन कुनै पहल भएको थिएन। आँगनवाडी कर्मचारीहरूसँगको एउटा बैठकमा यो मुद्दा उठेको थियो। उहाँले सम्बन्धित सभासदलाई आठवटा आँगनवाडी केन्द्र नक्सलबाड़ीदेखि मिरिक आईसीडीएसमा स्थानान्तरण गर्न पहल शुरु गर्ने निर्देश दिनुभएको थियो । उहाँले भन्नुभएको छ -जीटीए क्षेत्रको केन्द्रहरूमाथि जीटीएकै प्रशासन चल्नुपर्छ। श्री थापाले 'बङ्गाल सरकारको महिला तथा बाल विकास र समाज कल्याण विभागले अधिसूचना जारी गरेर आँगनवाडी केन्द्रहरू स्थानान्तरण गर्ने आदेश दिएको बताउनु भएको छ। स्थानान्तरण हुने केन्द्रहरूमा निरपानी अनि छोटा च्यागा  मौजा अन्तर्गतका गुरूङ टोला, राई टोला -1, राई टोला 2, तोरी बारी, निरपानी  प्राथमिक पाठशाला, बेलगाछी , पश्चिम बेलगाछी  अनि बेलगाछी फ्याक्ट्री लाइन आँगनवाडी केन्द्रहरू रहेका छन्।'

****** ० ******

**दार्जीलिंग -फ्रोजन जु**

दार्जीलिंगको पदमा जा नायडु ज्युलोजिकल पार्कमा भारत कै पहिलो फ्रोजन जु स्थापित गरिएको छ l यसको उदेश्य रेड पान्डाको डीई लाई संरक्षित गर्नु रहेको जु प्रशासनले बताएको छ l स्मरण रहोस , रेड पान्डाको जिन लाई सुरक्षित  राख्नेछ lहैदराबाद आधारित सेन्टर फर सेलुलर एण्ड मलिकुलर बायोलोजी तथा जु प्रशासन मिलेर माइनस १९६ डिग्री सेल्सियस को तापमानमा तरल नाइट्रोजनमा रेड पाण्डाको जिनलाई संरक्षित राखिनेछ lहिमालय को उच्च स्थानमा पाइने बन्य जीव रेड पाण्डा प्राय विलुप्त हुने अवस्थामा पुगेको छ l दार्जीलिंग जु रेड पाण्डा को लागी एउटा प्रसिद्ध जु हो यसैले यहा देश कै पहिलो फ्रोजन जु निर्माण गरिएको हो l

****** ० ******

**गोर्खा जनमुक्ति मोर्चा-ज्ञापन**

गोर्खा जनमुक्ति मोर्चाको सचिव स्तरीयको एउटा टोलीले आज जलपाईगुडी जिल्ला अधिकारी मार्फत राज्यको मुख्य मन्त्री सुश्री ममता ब्यानर्जीलाई एउटा ज्ञापन पत्र चडाएको छ l ज्ञापन पत्रमा  वर्तमान राज्य सरकार द्धारा चिया कमानलाई लिएर जारी गरिएको १५ % प्रतिशत पछि बडाएर ३०% प्रतिशत खाली जमिन देशको पुञ्जीपतिहरू लाई ब्यवसायको निम्ति दिइने सरकारी सूचना लाई दार्जीलिङ पहाड, तराई साथै डुवर्सको चिया श्रमिक वर्ग साथै चिया उद्योगको भविष्यलाई सोचेर फेरि एकपटक पुर्नबिचार गरिदिने माग गरिएको छ  lज्ञापन पत्रमा, ३० % प्रतिशत जमिन विषय संग-संगै सयौ  वर्ष देखि यहि भूमिमा बस्दै आएका मूल निवासी चिया श्रमिकहरूको आफ्नो पैत्रीक भूमिको पूर्ण पर्जापट्टा दिनु पर्ने मांग राखेका छन् । स्मरण रहोस् राज्यको भूमि एव भूमि सुधार मंत्रलायका अधिकारी पनि मुख्यमन्त्री सुश्री ममता ब्यानर्जी स्वयम हुनुहुन्छ  ।

****** ० ******

**लङ्भ्यू चियाबारी- आगलागी**

खरसाङ महकुमा अन्तर्गत लङ्भ्यू चियाबारीको चौतीस क्षेत्रमा हिज बिहान भीषण आगलागी भए पछि चियाबारीको प्रायः डेढसय हेक्टर चियाका बोटहरू नष्ट भएको जानकारी प्राप्त भएको छ l हिज  बिहान प्रायः दश बजीदेखि आगो लागेको थियो l  आगो के कारणले लाग्यो भन्ने थाहा नभए पनि आगो यहाँको चौतीस क्षेत्रबाट लागेको भन्ने जानकारी प्राप्त भएको छ। घटनाको खबर पाएपछि खरसाङ, मतिगढा अनि सिलगढीबाट एक-एकवटा दमकल आएर आगोलाई निभाउन भरमग्दुर प्रयास गरिएता पनि  आगोले सम्पूर्ण क्षेत्रलाई नै आफ्नो चपेटामा लिएकोले दमकललाई समेत आगो निभाउन निक्कै मुस्किल परेको  थियो। लङ्भ्यू चियाबारीका प्रबन्धक अजित पाल सिंहले पनि आगोले चियाबारीको धेरै क्षेत्रलाई नोक्सान पुऱ्याएको बताउनु भएको छ ।

****** ० ******

**पश्चिम बंगाल पुलिस -46 हजार रिक्त पद**

पश्चिम बङ्गाल पुलिस विभागमा लगभग  ४६ हजार पदहरु  खाली छन् । यो जानकारी राज्य पुलिस निर्देशनालयले पश्चिम बङ्गालका मुख्य निर्वाचन अधिकारी (सीईओ) मार्फत निर्वाचन आयोग (ईसीआई) लाई बुझाएको छ। राज्य पुलिस सुत्र अनुसार यी ४६ हजार पदहरु मध्ये ३० हजार पद पुलिस  हवल्दारको मात्र हो, जसलाई पुलिस को मेरुदण्ड मानिन्छ । यसबाहेक, बलमा सबैभन्दा तल्लो अधिकृत स्तरको प्रतिनिधित्व गर्ने सब-इन्स्पेक्टर  वा यस  सरहको पदहरूमा पनि ठूलो संख्यामा रिक्त पदहरू छन्। निर्वाचन आयोगले बर्ष  २०२६ को विधानसभा चुनावको तयारीका लागि राज्य पुलिस  बलको विद्यमान संख्या र रिक्त पदहरूको विवरण मागेको थियो। जवाफमा राज्य पुलिस निर्देशनालयले हाल पुलिस बलको संख्या ८० हजार को हाराहारीमा रहेको र ४६ हजार पद रिक्त रहेको जनाएको छ ।

यसरी राज्यमा पुलिस बल एक तिहाइ हिस्सा रिक्त रहेको छ। राज्य पुलिसले निर्वाचन आयोगलाई बुझाएको सूचीमा नागरिक स्वयंसेवकको कुनै पनि तथ्याङ्क समावेश गरिएको छैन किनभने उनीहरूलाई नियमअनुसार चुनावी ड्युटीमा खटाउन सकिंदैन। यसबाहेक, कलकत्ता उच्च न्यायालयको निर्देशनमा उनीहरूलाई कानून व्यवस्थाको संचालनमा तैनाथ गर्न पनि प्रतिबन्ध लगाइएको छ। मुख्य निर्वाचन अधिकारीको कार्यालय सुत्र अनुसार उपलब्ध पुलिस बलको आधारमा निर्वाचन आयोगले चुनावको समयमा राज्य पुलिस र केन्द्रीय अर्धसैनिक बल (सीएपीएफ) को अनुपात निर्धारण गर्नेछ। राज्य सरकारले आफ्नो आधिकारिक भूमिकाभन्दा बाहिर नागरिक स्वयंसेवकहरू खटाएकोमा विगतमा आलोचनाको सामना गर्नुपरेको थियो। अब निर्वाचन आयोगको प्रतिवेदनपछि राज्य सरकारले यी रिक्त पदपूर्तिका लागि के कदम चाल्छ, त्यो हेर्न बाँकी रहेको छ।

****** ० ******

**<u>राज्य सरकार -कर्मचारी बोनस</u>**

राज्य सरकारले आफ्ना कर्मचारीहरुको लागि 'एड-हक' बोनसको घोषणा गरेको छ। सरकारद्वारा जारी अधिसूचनामा उल्लेख गरिएको छ, 44 हजार रुपियाँसम्म मासिक वेतन भएका सरकारी कर्मचारीहरू यस वित्तीय वर्षमा बोनस पाउने हकदार हुनेछन्। योभन्दा अधिक वेतन पाउनेहरूले यसको लाभ उठाउन सक्नेछैनन्। सरकारले यो पनि स्पष्ट पारेको छ, मुस्लिम कर्मचारीहरूलाई ईदपूर्व अनि हिन्दू कर्मचारीहरूलाई दुर्गा पूजापूर्व यो राशि दिइनेछ।सरकारी अधिसूचना अनुसार मासिक वेतन 44 हजार रुपियाँ भएका राज्य सरकारका कर्मचारीहरूले 6 हजार 8 सय रुपियाँ बोनस प्राप्त गर्नेछन्। यो भुक्तान वर्ष 2019-को पश्चिम बंगाल वेतन तथा भत्ता पुनरीक्षण नीति अन्तर्गत गरिनेछ। यसमा घरभाड़ा, चिकित्सा भत्ता वा अन्य कुनै प्रकारको सब्सिडी सामेल रहनेछैन।यस योजनाको लाभ ती सरकारी कर्मचारीहरूले उठाउन सक्नेछन् जसले वर्ष 2024-25 वित्तीय वर्षमा न्यूनतम छः महिनासम्म काम गरेका छन् र जसको मासिकवेतन 44 हजार रुपियाँभन्दा कम छ। यस अतिरिक्त यस अवधिभरि न्यूनतम 120 दिन काम गर्ने अस्थायी कर्मचारीहरू पनि यस बोनसका पात्र हुनेछन्।राज्य सरकारले घोषणा गरेको छ, 30 सेप्टेम्बर, 2024 भन्दा पहिला सेवानिवृत्त भएका सरकारी कर्मचारीहरू पनि यस बोनसका हकदार रहनेछन्। 30 सेप्टेम्बर, 2024-देखि 01 सेप्टेम्बर, 2025-बीच सेवानिवृत्त भएका छन् वा हुनेवाला छन्,-हरूलाई पनि यस योजनाको लाभ मिल्नेछ। यदि यस अवधि कुनै पेन्शनभोगीको मृत्यु भए उनीहरूको परिवारलाई यो राशि दिइनेछ।

****** ० ******